# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ सङ्ख्या : ६ मिति : कार्तिक २३, २०८०

# भाग - २

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

## जग्गा विकास (प्लानिङ्ग) तथा हाउजिङ्ग निर्माण सम्बन्धी (तेस्रो संशोधन) निर्देशिका, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०७।२२

उर्लाबारी नगरपालिकाको जग्गा विकास (प्लानिङ्ग) तथा हाउजिङ्ग निर्माण सम्बन्धी निर्देशिका, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, उर्लाबारी नगर कार्यपालिकाले देहायको निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम जग्गा विकास (प्लानिङ्ग) तथा हाउजिङ्ग निर्माण सम्बन्धी (तेस्रो संशोधन) निर्देशिका, २०८० रहेकोछ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **उर्लाबारी नगरपालिकाको जग्गा विकास (प्लानिङ्ग) तथा हाउजिङ्ग निर्माण सम्बन्धी निर्देशिका, २०७९ को दफा २१ मा संशोधनः** जग्गा विकास (प्लानिङ्ग) तथा हाउजिङ्ग निर्माण सम्बन्धी निर्देशिका, २०७९ (यसपछि "मूल निर्देशिका" भनिएको) को दफा २१ को उपदफा (३) को व्यवस्था हटाइएको छ ।

३. **"मूल निर्देशिका" को दफा २१ को उपदफा (१) मा संशोधनः** मूल निर्देशिकाको दफा २१ को उपदफा (१) मा देहायको खण्ड (झ) को व्यवस्था थप गरिएको छ ।

**"झ. जग्गाको कित्ता काट र एकिकरण गर्दा खोलिने सडकको अधिकारक्षेत्रको चौडाई न्यूनतम ६ मिटरको हुनुपर्छ ।"**

**आज्ञाले,**
अर्जुन निरौला
प्रमुख प्रशासकीय अधिकृत

***मूल्य रु. ५।-***